**मिति २०८१।०२।०२ गते बुधबार आयोजित आ.व २०८१।०८२ को गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी सुझाव संकलन तथा विविध विषयमा अन्तरक्रिया कार्यक्रममा प्राप्त सुझावहरू**

१. सुरक्षाकर्मीको तर्फबाटः ईलाका प्रहरी कार्यालय, बरेङका प्रहरी निरीक्षक (इन्स्पेक्टर)

- प्रहरीलाई प्रविधियुक्त बनाउन सहयोग गर्नुपर्ने, सिसि क्यामेरा ५ वटा १\१ वटा कम्युटर र प्रिन्टर आवश्यकता।
- होडिङ बोर्डहरूको व्यवस्था, ट्राफिक चिन्ह तथा सन्देशमूलक बोर्डहरुको व्यवस्था गरी सडक सुरक्षालाई ध्यान दिनुपर्ने,
- विपदजन्य उद्धारका सामाग्रीहरूको व्यवस्थापन गर्नुपर्ने ।

२. प्रधानाध्यापकहरु, राजनैतिक दलहरु, पत्रकार लगायतको तर्फबाट प्राप्त सुझावहरुः

- शिक्षक दरबन्दी मिलान,
- दिवा खाजा थप कक्षाहरुका लागि समेत व्यवस्थापन,
- गाउँपालिकाको वास्तविक आवश्यकताको पहिचान र सोको आधारमा बजेट विनियोजन गर्नुपर्ने,
- बेरोजगारी समाधान गर्ने, कृषिमा आधुनिकीकरण, घरेलु तथा कुटिर उद्योग सञ्चालन,
- रैथाने बालिहरूको संरक्षण,
- प्रविधिमैत्री शिक्षा, प्रविधि विस्तार, प्रविधिसँग सीप तथा स्रोत जोड्ने,
- गुणस्तरीय शिक्षाको व्यवस्था,
- शिक्षकलाई क्षमता विकास तालिमको व्यवस्था ।
- अतिरिक्त कक्षा/ कोर्ष व्यवस्थापन
- वनजंगल सम्बन्धी स्रोतको सदुपयोग
- व्यवसाय कर /सवारी साधानहरु बाट कर संकलन,
- कृषि तथा प्राविधिक विद्यालय कार्यक्रम प्रवर्ध्दन,
- सिपयुक्त शिक्षा/व्यवहारिक शिक्षा (कम्तिमा दैनिक १ पिरियड)
- बसाइँ सराइँ न्यूनिकरण गर्नुपर्ने,

**मिति २०८१।०२।०२ गते बुधबार आयोजित आ.व २०८१।०८२ को गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी सुझाव संकलन तथा विविध विषयमा अन्तरक्रिया कार्यक्रममा प्राप्त सुझावहरू**

- गाउँपालिकाबाट प्रदान गरिने तालिम लिए पछि सोको उपयोग गरी आन्तरिक उत्पादन वा सेवासँग जोड्ने कार्य,
- आन्तरिक पर्यटन व्यवस्थापन,
- लघु जलविद्युत, Dam Boating Rafting
- मान्द्रे ढुङगा देखि दाउन्ने सम्म ड्याम, लघु जलविद्युत, माछापालन,
- सामुदायिक वन/ काठ पैदावरको उपयोग,
- वडा ३ को सल्लाघारीयुक्त जंगलको साटो सुन्तला खेती,
- स्थानीय मदिरा ब्रान्डिङ ।
- कृषकमैत्री कार्यक्रम निर्माण,
- कृषि उपज निर्यात गर्ने कृषक समुहलाई ढुवानी गर्ने साधनको व्यवस्था,
- विगतमा दिइएका सुझाव कार्यान्वयनको लागि तालमेल भएन,
- ढुङ्गा गिट्टी बालुवा उत्खनन सम्बन्धमा हुग्दिखोला मात्र नभनेर गाउँपालिका भरीका सबै खोलाहरुलाई समेट्नु पर्ने र यस सम्बन्धमा राजनैतिक दलहरुबाट पूर्ण सहयोग हुने,
- विद्युतको काठेपोल पूर्ण रुपमा विस्थापन गर्नुपर्ने,
- काठेपोल विस्थापित कार्यक्रम
- राजनैतिक दल तथा विभिन्न सरोकारवालाहरुसँग नियमित समन्वयको वृद्धि गर्ने,
- गाउँपालिका भित्रका बाँझो जमिन उपयोग गर्नुपर्ने जसका लागि प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचीकृत व्याक्तिलाई परिचालन गर्ने, भूमि बैंक स्थापना गर्ने,
- स्थानीय गाइ/गोरू/भैसी पालनमा जोड र संरक्षण,
- सत्यवती धार्मिक पर्यटनको प्रवद्धन र आय आर्जन व्यवस्थापन,
- पर्याप्त सिचांई व्यवस्थापन
- स्थानीय जातका माछा संरक्षण (जस्तै बुदुना, असला माछा),
- हुग्दिखोलाका विभिन्न स्थानमा स्थानीय माछा पालन गर्ने र निश्चित राजश्व तिरेर निश्चित समयमा माछा मार्न पाइने व्यवस्था गर्ने,

**मिति २०८१।०२।०२ गते बुधबार आयोजित आ.व २०८१।०८२ को गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी सुझाव संकलन तथा विविध विषयमा अन्तरक्रिया कार्यक्रममा प्राप्त सुझावहरू**

- निर्यात प्रवर्ध्दनमा जोड,
- सर्वपक्षीय छलफलको निरन्तरता हुनुपर्ने र वडा स्तरमा समेत आवश्यक,
- प्राविधिक मूल्याङ्कन पश्चातमात्रै योजना निर्माण/बजेट विनियोजन गर्नुपर्ने,
- ठुला र दीर्घकालिन योजना कार्यक्रमको कार्यान्वयन सबैको राय सुझाव लिने,
- वडा स्तरीय योजना तर्जुमा गर्दा सबैको सहभागिता हुनुपर्ने,
- श्रमशक्तिलाई गाउँपालिका भित्रै उपयोग गर्ने वा रोक्ने कार्य गर्नुपर्ने,
- पशुजन्य विपद तथा महामारी व्यवस्थापन,
- गाउँपालिकाले लिज (भाडा)मा लिएर खेती गर्ने परियोजनाका साथै भुमि बैंक स्थापना गर्नुपर्ने,
- गाउँपालिकाले तोकेको कर तिरी कृषि व्यवसाय सञ्चालन गर्ने फर्म तथा कृषकहरुलाई प्रोत्साहन,
- कृषि वनमा लगानी आगजानीलाई घटना/कारवाही
- महिला रोजगारी लक्षित कार्यक्रम थप गर्ने ।